दरखास्त दिनुपर्ने न्यूनतम ऋणपत्रः २५ कित्ता
दरखास्त दिनुपर्ने अधिकतम ऋणपत्रः १० लाख कित्ता

दरखास्तसाथ एकमुष्ठ रू.१,०००/- प्रति ऋणपत्रका दरले भुक्तानी माग गरिएको

Siddhartha Bank
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त संस्था
हात्तिसार, काठमाण्डौं, नेपाल ।
फोन नं. ४४४२९१९, ४४४२९२०, फ्याक्स नं. ९७७-१-४४४२९२१
Email: sbl@siddharthabank.com, web site: www.siddharthabank.com

को

"१०.२५% एस.बि.एल. डिबेन्चर २०८३"

आव्हान पत्र

ऋणपत्रको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला मिति	: २०७६/०५/०५ गते
निष्काशन बन्द हुने मिति (छिटोमा)	: २०७६/०५/०९ गते बैंकिङ्ग समय पश्चात्
निष्काशन बन्द हुने मिति (ढिलोमा)	: २०७६/०६/०५ गते बैंकिङ्ग समय पश्चात्

यो विवरण-पत्र नभई केवल आव्हान -पत्र मात्र हो ।

श्री नेपाल धितोपत्र बोर्डद्वारा स्वीकृत मिति २०७६/०४/१४ श्री नेपाल राष्ट्र बैंकमा दर्ता मिति २०७६/०४/१५ तथा श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मिति २०७६/०४/२०

सात वर्ष अवधि तथा वार्षिक १०.२५ प्रतिशत ब्याजदर भएको रु.२ अर्ब ५० करोड बराबरको प्रति डिबेन्चर रु.१,०००/- अंकित मूल्यका २५,००,००० कित्ता मध्ये १५ लाख कित्ता डिबेन्चरले हुन आउने कुल रु.१ अर्ब ५० करोड ऋणपूँजी रकम परिपत्र विधि (Private Placement) बाट र १० लाख कित्ता डिबेन्चरले हुन आउने कुल रु.१ अर्ब ऋणपूँजी रकम (५% अर्थात ५०,००० कित्ता सामुहिक लगानी कोषका लागि छुट्याईएको समेत) सर्वसाधारण नेपालीको लागि, सार्वजनिक निष्काशनबाट बिक्री गरिने ।

१. संस्थाको नाम : सिद्धार्थ बैंक लिमिटेड (Siddhartha Bank Limited) ।

२. संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०५८/०६/१२ गते संस्थाापित यस बैंकले मिति २०५९/०९/०९ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्ने इजाजत प्राप्त गरी मिति २०५९/०९/१० गते देखि नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्थाको रुपमा वित्तीय कारोवार सञ्चालन गर्दै आएको छ।।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.१, हात्तिसार, काठमाण्डौमा रहेको छ।

४. कारोवार स्थान :

यस कम्पनीले नेपाल राष्ट्र बैंकले स्वीकृत गरेअनुसार नेपालभर देहायका स्थानहरुबाट आफ्नो कारोबार संचालन गर्दै आएको छ

सि.नं.	शाखा कार्यालय	शाखा रहेको स्थानिय तह, जिल्ला र प्रदेश	सि.नं.	शाखा कार्यालय	शाखा रहेको स्थानिय तह, जिल्ला र प्रदेश
१	न्यूरोड	न्यूरोड, काठमाडौं, प्रदेश नं.३	७८	जुम्री	प्यूठान न.पा. वडा नं.४, जुम्री, प्यूठान, प्रदेश नं.३
२	त्रिपुरेश्वर	त्रिपुरेश्वर, काठमाडौं, प्रदेश नं.३	७९	पुतलीसडक एक्सटेन्सन काउन्टर	पुतलीसडक-२८, काठमाण्डौ
३	पुरानो बानेश्वर	पुरानो बानेश्वर, काठमाडौं, प्रदेश नं.३	८०	बागलुङ	बागलुङ न.पा. वडा नं.२, बागलुङ, बागलुङ बजार, प्रदेश नं.४
४	ठमेल	ठमेल-२९, काठमाडौं, प्रदेश नं.३	८१	बट्टार	विदुर न.पा. वडा नं.२, बट्टार,नुवाकोट, प्रदेश नं.३
५	तीनकुने	तीनकुने-३५, काठमाडौं, प्रदेश नं.३	८२	चरिकोट	भिमेश्वर न.पा. वडा नं.३, चरिकोट, दोलखा, प्रदेश नं.३
६	गोंगबु	गोंगबु-२९, काठमाडौं, प्रदेश नं.३	८३	बनेपा	बनेपा न.पा. वडा नं.७, पनौति, काभ्रे, प्रदेश नं.३
७	कलंकी	कलंकी-१४, काठमाडौं, प्रदेश नं.३	८४	आमचोक	आमचोक गाँउपालिका, वडा नं. ४, बालंखा, भोजपुर, प्रदेश नं.१
८	बौद्ध	बौद्ध-६, काठमाडौं, प्रदेश नं.३	८५	देवघाट	देवघाट गा.पा. वडा नं. ५, देवघाट,तनँहु, प्रदेश नं.४
९	शंखमुल	शंखमुल-१०, काठमाडौं, प्रदेश नं.३	८६	मर्चवारी	मर्चवारी गाँउपालिका, वडा नं. ३, रैपुर, रुपन्देही, प्रदेश नं.५
१०	सरस्वतीनगर	सरस्वतीनगर-६, काठमाडौं, प्रदेश नं.३	८७	गढी	गढी गाउँपालिका, वडा नं.२, औराबनी,सुनसरी, प्रदेश नं.१
११	स्वयम्भु	स्वयम्भु, हलचोक, काठमाडौं, प्रदेश नं.३	८८	रोशी	रोशी गाउँपालिका, वडा नं.७, कटुन्जे,काभ्रे, प्रदेश नं.३
…	…	…	…	…	…
६५	बिर्तामोड	[illegible]	१४३	[illegible]	[illegible]
६६	पाल्पा	तानसेन न.पा.-३, भिमसेनटोल, पाल्पा, प्रदेश नं.३	१४४	योगीकुटी	तिलोत्तमा न.पा. वडा नं. ३, रुपन्देही, प्रदेश नं. ५
६७	बेनी	बेनी न.पा.-७, बेनीबजार, म्याग्दी	१४५	अमरपथ	बुटवल उप-महानगरपालिका वडा नं.४, रुपन्देही, प्रदेश नं. ५
६८	कुलेश्वर	कुलेश्वर काठमाण्डौ, वडा नं.१४, प्रदेश नं.३	१४६	बाँसगढी	बाँसगढी न.पा. वडा नं. ५, बर्दिया, प्रदेश नं. ५
६९	च्याम्हासिंह	च्याम्हासिंह, कमलविनायक, वडा नं.१, भक्तपुर, प्रदेश नं.३	१४७	राजविराज	राजविराज न.पा. वडा नं. ७, सप्तरी, प्रदेश नं. २
७०	सुर्खेत	जुम्लारोड, सुर्खेत, वडा नं.६, विरेन्द्रनगर, प्रदेश नं.६	१४८	विद्यापतिचोक	जनकपुर उप-महानगरपालिका वडा नं.४, धनुषा, प्रदेश नं. २
७१	मिर्चैया	मिर्चैया न.पा. मिर्चैया, वडा नं.६, सिराहा, प्रदेश नं.२	१४९	जनकपुर मालपोत एक्टेन्सन काउन्टर	जनकपुर उप-महानगरपालिका वडा नं.४, धनुसा, प्रदेश नं. २
७२	जोरपाटी	गोकर्णेश्वर न.पा. वडा नं.६, जोरपाटी, प्रदेश नं.३	१५०	काँकडभित्ता	मेचीनगर न.पा. वडा नं.७, काँकडभित्ता, झापा, प्रदेश नं. १
७३	चन्द्रपुर	चन्द्रपुर न.पा. वडा नं.४, रौतहट, प्रदेश नं.२	१५१	गाईघाट	त्रियुगा न.पा. वडा नं. ११, गाईघाट, उदयपुर, प्रदेश नं. १
७४	धनकुटा	धनकुटा न.पा. वडा नं.७, धनकुटा, प्रदेश नं.१	१५२	लुक्ला	खुम्बु पासाङ ल्हामु गा.पा. वडा नं. २, सोलुखुम्बु, प्रदेश नं. १
७५	ताप्लेजुङ्ग	फुङ्गलीङ्ग न.पा. वडा नं.४, ताप्लेजुङ्ग, प्रदेश नं.१	१५३	दुहवी	दुहवी न.पा. वडा नं.५, सुनसरी, प्रदेश नं. १
७६	गरुडा	गरुडा न.पा. वडा नं.२, गरुडा, रौतहट, प्रदेश नं.२	१५४	हात्तिसार	का.म.न.पा., वडा नं. १, हात्तिसार, काठमाण्डौ, प्रदेश नं. ३
७७	बेंशीशहर	वडा नं.८, बेंशीशहर न.पा., बेंशीशहर, लम्जुङ्ग, प्रदेश नं.५			

५. संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०५८/०६/१२ गते स्थापित यस बैंकले मिति २०५९/०९/९ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्ने इजाजत प्राप्त गरी मिति २०५९/०९/१० गते देखि नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्थाको रुपमा वित्तीय कारोबार सञ्चालन गर्दै आएको छ। बैंकका संस्थापक तथा सञ्चालकहरुमा वित्तीय क्षेत्र, उद्योग तथा व्यापार क्षेत्र एवम् व्यवस्थापनमा लामो समयदेखि कार्यरत अनुभवी प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ। यस बैंकमा ५१% शेयर स्वामित्व संस्थापक शेयरधनीहरुको रहेको छ भने बाँकी ४९% शेयर सर्वसाधारण शेयरधनीहरुको रहेको छ। हाल बैंकले आफ्ना १५४ शाखाहरु (४ एक्सटेंसन काउन्टर सहित) बाट सेवा प्रदान गर्दै आइरहेको छ। साथै, १०० शाखा रहित बैंकिङ सेवा, १६२ ATM, १,३०० भन्दा बढी POS Machine हरु र ५,००० भन्दा बढी विप्रेषण एजेन्टहरुबाट पनि बैंकको सेवा उपलब्ध भैरहेको छ।

कम्पनीको उद्देश्य: नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोवार गर्ने यस बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन :

(क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधरणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग/वित्तीय सेवा/सुविधा उपलब्ध गराउने,
(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुर्‍याउने,
(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारी मूलक व्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रवर्द्धन गर्ने कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने,
(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने,
(ङ) सामान्यतया, माथी उल्लेखित कुनै पनि उद्देश्यहरु पूरा गर्दा आइपर्ने वा त्यससँग सम्बद्ध वा ती उद्देश्यहरुको प्राप्तिकालागि उपयुक्त वा बैंकलाई लाभ हुने अन्य कुनै पनि कार्यहरु प्रचलित कानूनको अधीनमा रही प्रारम्भ गर्ने, जिम्मा लिने (Undertaking), प्रबन्ध गर्ने तथा सञ्चालन गर्ने।

६. पूँजी संरचना सम्बन्धी जानकारी :

अधिकृत पूँजी : यस बैंकको अधिकृत पूँजी रु.१०,५०,००,००,०००/- (अक्षेरपी दश अर्ब पचास करोड) रहेको छ। जसलाई प्रति शेयर रु.१००/- दरले १०,५०,००,००० (दश करोड पचास लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।
जारी पूँजी : यस बैंकको जारी पूँजी रु.८,८८,७६,०४,५३६/- (अक्षेरपी आठ अर्ब अठासी करोड छैहत्तर लाख चार हजार पाँच सय छत्तिस रुपैंया) रहेको छ।
चुक्ता पूँजी : यस बैंकको चुक्ता पूँजी रु.८,८८,७६,०४,५३६/- (अक्षेरपी आठ अर्ब अठासी करोड छैहत्तर लाख चार हजार पाँच सय छत्तिस रुपैंया) रहेको छ।

७. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोहि अनुरुप):

ऋणपत्र निष्काशन गरी बाँडफाँट गरेपश्चात कम्पनीको शेयर पूँजी र ऋणपत्र पूँजीको संरचना :

शेयर पूँजी :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	४५,३२६,७८३.१२	५१%	४५,३२६,७८३,०१२	शत प्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत)	४३,५४९,२६२.२४	४९%	४३,५४९,२६२,०२४	शत प्रतिशत
	जम्मा	८८,८७६,०४५.३६	१००%	८८,८७६,०४५,०३६	

ऋण पूँजी :

विवरण	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
८% एस. बि. एल डिबेन्चर २०७६	३०,३५,२०,०००/-	शत प्रतिशत
७.५% एस. बि. एल डिबेन्चर २०७८	५०,००,००,०००/-	शत प्रतिशत
१०.५% एस. बि. एल डिबेन्चर २०८२	२,१६,२५,५९,०००/-	शत प्रतिशत
*१०.२५% एस. बि. एल डिबेन्चर २०८३	२,५०,००,००,०००/-	निष्काशन प्रकृयामा रहेको।
जम्मा	५,४६,६०,७९,०००/-	

*स्वीकृत विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको ऋणपत्र।

८. संस्थापक/संचालक सम्बन्धी जानकारी :

आधारभूत शेयरधनीहरुको विवरण:

[illegible]

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :
- विगतमा अन्य बैंकद्वारा निष्काशन गरिएको रु. १,०००/- अंकित दरको ऋणपत्र सूचीकरण पश्चात् धितोपत्र बजारमा कारोवार हुँदा अंकित मुल्यमा धैरै उतार चढाव नभएको हुनाले ऋणपत्रको मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम न्यून रहेको छ।
- बैंकको सरकारी तथा गैर सरकारी धितोपत्रमा लगानी गरे बापत लगानी मुल्य परिवर्तनको जोखिम रहेको।

१२. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :

(क) **यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको "एस.बि.एल डिबेन्चर २०८३" सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ:**
(अ) **ऋणपत्र निष्काशनको शर्त बन्देजहरु** : ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देज यस आव्हानपत्रको बुँदा नम्बर १५ मा उल्लेख गरिएको छ।
(आ) **ऋणपत्रको अवधि (Maturity Period)** : यस ऋणपत्रको अवधि ऋणपत्रको बाँडफाँड भएको दिनबाट ७ (सात) वर्षको हुनेछ। सो अवधि पश्चात कम्पनीले यस ऋणपत्रको साँवा र अन्तिम किस्ताको तिर्न बाँकी ब्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ।
(इ) **निष्काशन गरिने ऋणपत्रको रकम:** सात वर्ष अवधि तथा वार्षिक १०.२५ प्रतिशत ब्याजदर भएको रु.२ अर्ब ५० करोड बराबरको प्रति ऋणपत्ररु.१,०००/- अंकित मूल्यका २५,००,००० कित्ता मध्ये १५,००,००० कित्ता डिबेन्चरले हुन आउने कूल रु.१ अर्ब ५० करोड ऋणपूँजी रकम परिपत्र विधि (Private Placement) बाट र १० लाख कित्ता डिबेन्चरले हुन आउने कुल रु.१ अर्ब ऋणपूँजी रकम (५% अर्थात ५०,००० कित्ता सामुहिक लगानी कोषका लागि छुट्याईएको समेत) सर्वसाधारण नेपालीको लागि, सार्वजनिक निष्काशनबाट बिक्री गरिने।
(ई) **ऋणपत्र साधारण शेयरमा परिवर्तन हुने वा नहुने** : यस विवरणपत्र अनुसार निष्काशन गरिने ऋणपत्र ७ (सात) वर्षको अवधि पश्चात एकमुष्ठ रुपमा फिर्ता गरिने भएकाले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने।
(उ) **ऋणपत्रको ब्याजदर (Coupon Interest Rate) र ब्याज भूक्तानी गर्ने अवधि/समय (Interest Payment Period)** : यस ऋणपत्रको वार्षिक ब्याजदर १०.२५% हुनेछ। यस ऋणपत्रमा आर्जित ब्याज रकममा आयकर ऐन अनुसार कर लाग्नेछ। यस ऋणपत्रमा आर्जित ब्याज रकम प्रत्येक आर्थिक वर्षको प्रथम अर्ध वार्षिक (पौष मसान्त) र द्वितीय अर्धवार्षिक (अषाढ मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ। ब्याज रकम भुक्तानी दिँदा प्रथम अर्ध वार्षिक (पौष मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक वर्षको माघ १ गते देखि र द्वितीय अर्ध वार्षिक (आषाढ मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम उक्त वर्षको श्रावण १ गते देखि भुक्तानी गरिनेछ।
(ऊ) **ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) सम्बन्धी व्यवस्था** : यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्रलाई निर्धारित ७ वर्षको समयावधिमा फिर्ता भुक्तानी गर्नका लागि कम्पनीले ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) को व्यवस्था गर्नेछ। ऋणपत्रको अवधिमा कम्पनीको नाफाबाट ऋणपत्र निष्काशन भएको दोस्रो आ.व.बाट रु.४१.६७ करोड रुपैयाँ मात्रको दरले हुने रकम ऋणपत्र भुक्तानी जगेडा कोषमा रकमान्तर गरिनेछ। कम्पनीले कुनै आर्थिक वर्षमा मुनाफा आर्जन गर्न नसकेको खण्डमा समेत सो वर्षमा ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ। यदि कम्पनीको कुनै आर्थिक वर्षमा मुनाफा नभएमा अघिल्लो वर्षहरुको संचित मुनाफाबाट ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ।
(ए) **ऋणपत्रवालाहरुको अधिकार** : यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र खरिद गर्ने ऋणपत्रवालाहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रवालालाई प्राप्त हुने सम्पूर्ण हक, सुविधा प्राप्त हुनेछ। तर त्यस्ता ऋणपत्रवालाहरुलाई साधारण सभामा उपस्थित हुने तथा मतदान गर्ने अधिकार हुने छैन। कथंकदाचित बैंक टाटपल्टेमा यस विवरणपत्रमार्फत् निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडि मात्र हुनेछ।

(ख) **संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण:**
यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको साथै बैंकको त्यस्तो कुनै सुरक्षित साहु नभएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहू र निक्षेपकर्ताको कुल रकम रु.११२.३४ अर्ब (चैत्र २०७५) भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinated Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रवालाको कुनै निर्दिष्ट हक (Specific charge) अधिकार हुने छैन।

(ग) **ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम, ठेगाना तथा कम्पनी र ट्रष्टीबीच भएको सम्झौता (Trustee Deed) का प्रमुख बुँदाहरुः**
ऋणपत्र निष्काशन गर्दा ट्रष्टी नियुक्त गर्नु पर्ने व्यवस्था अनुरुप निम्नानुसार ऋणपत्र ट्रष्टीको व्यवस्था गरिएको छ।
(अ) **ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम तथा ठेगाना** : ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको इजाजतपत्रप्राप्त धितोपत्र व्यवसायी, श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं रहेको छ।
(आ) **ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क** : यस विवरणपत्रमार्फत सर्वसाधारणमा तथा व्यक्तिगत तवरबाट विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री एनएमबि क्यापिटल लिमिटेड काठमाडौंलाई निजले उक्त सेवा प्रदान गरे बापत वार्षिक रु.२०,०००/- (अक्षेरपी बिस हजार रुपैयाँ मात्र) रकम ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा दिइनेछ।
(इ) **ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको सम्पर्क व्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव** : ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको मर्चेन्ट बैंकिङ्ग विभाग प्रमुख श्री स्मृति महर्जनलाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ। श्री स्मृति महर्जनले एम.बि.ए.सम्मको शैक्षिक योग्यता र करिब ८ बर्ष भन्दा बढीको वित्तीय क्षेत्रको कार्यानुभव हासिल गर्नुभएको छ।
(ई) **ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासा सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यवस्था** : ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासा सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ। साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ।

[illegible]

१८. धितोपत्र बिक्री खुल्ला अवधि :

यस विवरणपत्रद्वारा निष्काशन गरिएको ऋणपत्रको लागि आवेदन दिने अवधि ३० (तीस) दिनको हुनेछ। आवश्यकता भन्दा बढी ऋणपत्रको लागि आवेदन पर्न आएमा कुनै पनि बखत ऋणपत्रको बिक्री बन्द गर्न सकिनेछ तर विवरण पत्रमा गरिएको व्यवस्था अनुसार ४ (चार) कार्य दिनभन्दा अगाडि ऋणपत्र खरिदको आवेदन लिने काम बन्द गरिने छैन। व्यक्तिगत तवर/परिपत्र विधि (Private Placement) बाट बिक्री गरिने ऋणपत्रको हकमा धितोपत्र बोर्डबाट स्वीकृति पश्चात खुल्ला हुनेछ र सार्वजनिक निष्काशनसँगै बन्द हुनेछ।

१९. संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय:

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ।
- कम्पनीको केन्द्रीय कार्यालय, हात्तीसार, काठमाडौं।
- धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक - श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं स्थित कार्यालय।

२०. क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस बैंकले जारी गर्न लागेको ऋणपत्रलाई ईक्रा नेपाल लिमिटेडले न्युन कर्जा जाखिम (Low Credit Risk) जनाउने "[ICRANP] LA-" (Pronounced as ICRA L A Minus) रेटिङ्ग मिति २०७६/०२/१७ मा प्रदान गरेको छ। उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्ने Instrument लाई समयमान वित्तीय दायित्व पुरा गर्ने सम्बन्धमा यथेष्ट रुपमा सुरक्षित मानिन्छ। जोखिमको दृष्टीमा यस्ता उपकरणहरु न्युन कर्जा जोखिम भएका मानिन्छ। साथै, यस बैंकलाई ईक्रा नेपाल लिमिटेडले औसत कर्जा जोखिम (Average Credit Risk) जनाउने "[ICRANP-IR] A-" (Pronounced as ICRA NP Issuer Rating A Minus) रेटिङ्ग मिति २०७६/०२/१७ गते प्रदान गरेको छ।

२१. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले देहाय बमोजिमको माध्यम मार्फत आफ्नो कार्यालय समय भित्र गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन् : सम्पर्क व्यक्ति : श्री स्मृति महर्जन, फोन नं. ९७७-०१-४४३७९६३ एक्सटेन्सन : ११४

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

NMB CAPITAL LIMITED
एनएमबि क्यापिटल लिमिटेड
नागपोखरी, काठमाडौं, नेपाल
फोन नं. ४४३७९६३, फ्याक्स नं. ४४३७९६०
इमेलः info@nmbcl.com.np वेभसाइटः www.nmbcl.com.np